# परिवार नियोजनका साधनहरूको तुलनात्मक प्रभावकारीता

**बढी प्रभावकारी**

(एक वर्षमा १०० महिला मध्ये १% भन्दा कमको गर्भ रहने सम्भावना)

**९९%**



भ्यासेक्टोमी



मिनील्याप



कपर–टी/आइ.यु.सि.डी.



नरप्लाण्ट



डिपो सुई



पिल्स



कण्डम



स्तनपान विधि



प्राकृतिक परिवार नियोजनको विधि



विर्य स्खलन हुनु भन्दा पहिले लिङ्गलाई योनीबाट झिक्ने विधि



शुक्रकिटनासक



फिज चक्की

**३०%**

**कम प्रभावकारी**

(एक वर्षमा १०० महिला मध्ये करिव ३०% को गर्भ रहने संभावना)

## साधनको प्रयोगलाई कसरी बढी प्रभावकारी बनाउन सकिन्छ

### सेवा प्रदान गरिसके पछि सम्झनु पर्ने थोरै कुराहरु

**भ्यासेक्टोमी**
बन्ध्याकरण गरेको ३ महिना सम्म अन्य कुनै अस्थायी साधन प्रयोग गर्नुपर्छ ।

**डिपो सुई**
प्रत्येक ३/३ महिना नबिराईकन लिनुपर्छ ।

**पिल्स**
प्रत्येक दिन नबिराईकन खानुपर्छ ।

**कण्डम**
प्रत्येक पटक सम्भोग गर्दा सहि तरिकाले प्रयोग गर्नुपर्छ ।

**स्तनपान विधि**
बच्चा जन्मेको ६ महिना सम्म पूर्ण रुपमा (रातमा पनि) स्तनपान मात्र गराउनुपर्छ ।

**प्राकृतिक परिवार नियोजन विधि**
गर्भ रहन सक्ने सम्भावित दिनहरुमा यौन सम्पर्क गर्नु हुँदैन वा कण्डम प्रयोग गर्नुपर्छ ।

**विर्य स्खलन हुनु भन्दा पहिले लिङ्गलाई योनीबाट झिक्ने विधि**
प्रत्येक पटक सम्भोग गर्दा सावधानी अपनाउनुपर्छ ।

**शुक्रकिटनासक / फिज चक्की**
प्रत्येक पटक सम्भोग गर्दा सहि तरिकाले प्रयोग गर्नुपर्छ ।

Design/Illustrations: Raju Babu Shakya (SARAB)-5 544268

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा सञ्चार केन्द्र

USAID
FROM THE AMERICAN PEOPLE

# परिवार नियोजनका साधनहरुको तुलनात्मक प्रभावकारीता

# कार्य संचालन सहयोगी चार्ट

# प्रयोग निर्देशिका

## परिवार नियोजन सम्बन्धी कार्य संचालन सहयोगी चार्ट के हो ?

**परिवार नियोजन कार्य संचालन सहयोगी चार्ट** परिवार नियोजन सम्बन्धि परामर्श र सेवा दिने स्वास्थ्यकर्मीहरूलाई आफ्नो सेवा कार्य अझ प्रभावकारी ढंगबाट संचालन गर्न मद्दत पुगोस् भन्ने उद्देश्यले तयार पारिएको हो । यो सहयोगी चार्ट ग्राहकलाई परिवार नियोजन सम्बन्धि परामर्श र सेवा दिने क्रममा प्रयोग गर्नुपर्छ ।




## यसमा के छ ?

यसमा प्रभावकारीताको आधारमा परिवार नियोजनका विभिन्न स्थायी वा अस्थायी साधनहरूलाई क्रमशः चित्रको माध्यमबाट प्रस्तुत गरिएको छ । यसमा परिवार नियोजनका साधनहरू मध्ये कुनै सेवा दिई सकेपछि ग्राहकलाई सम्झाउनु पर्ने महत्वपूर्ण बुँदाहरु पनि समावेश गरिएको छ ।

## कसको लागि ?

परिवार नियोजन तथा यसका स्थायी वा अस्थायी साधनहरूको बारेमा परामर्श वा सेवा दिने स्वास्थ्यकर्मीहरूलाई लक्षित गरी तयार पारिएको हो ।

## कहिले प्रयोग गर्ने ?

१) दम्पत्तिहरूलाई परिवार नियोजन र यसका साधनहरू बारे परामर्श वा सेवा प्रदान गर्दा ।

२) परामर्शको क्रममा प्रत्येक दम्पत्ति वा ग्राहकलाई परिवार नियोजनका साधनहरू र सो को प्रभावकारीता बारे जानकारी दिंदा ।

३) ग्राहकले साधनको छनोट गरी सेवा लिइसकेपछि सो साधनबारे ग्राहकले सम्झनु पर्ने महत्वपूर्ण कुरालाई पुन दोहर्‍याइ सम्झाउँदा ।

## कसरी प्रयोग गर्ने ?

१) परिवार नियोजन सम्बन्धि परामर्श दिने कोठामा आफू बसेको ठाउँबाट सजिलै देख्ने गरी भित्तामा झुण्ड्याएर राख्नुपर्छ ।

२) परिवार नियोजन सम्बन्धि परामर्श र सेवा दिंदा, साधनहरु र यसको प्रभावकारीता बारे जानकारी दिने क्रममा चार्टको प्रयोग गर्नुपर्छ ।

३) परिवार नियोजन सेवा दिइसकेपछि पुनः एक पटक चार्ट हेरेर ग्राहकले सम्झनु पर्ने महत्वपूर्ण कुरालाई पुन दोहर्‍याएर भनि दिनुपर्छ ।

*❀ थप जानकारीको लागि नेपाल परिवार स्वास्थ्य कार्यक्रम, सामाजिक तथा व्यवहारगत परिवर्तन संचार इकाईमा सम्पर्क राख्नुहोला ।*